annapurnapost.com

अन्नपूर्ण पोस्ट

वर्ष २४, अंक २८ पृष्ठ १० | काठमाडौं, बुधबार १४ जेठ २०८२ | जेष्ठ शुक्लपक्ष प्रतिपदा नेपाल संवत् ११४५ | WEDNESDAY, MAY 28, 2025 | काठमाडौं, इटहरी, बुटवल र कोहलपुरबाट एकैसाथ प्रकाशित| मूल्य : रु. १०

कभर स्टोरी

निजी क्षेत्र भन्छ-

उत्पादनमुखी वास्तविक बजेट

जेठ १५ गते सरकारले आगामी आर्थिक वर्षको बजेट सार्वजनिक गर्दै छ। थलिएको अर्थतन्त्र चलायमान हुने र स्वदेशमै उत्पादनलाई मलजल पुग्ने बजेटको प्रतीक्षामा छ- निजी क्षेत्र। त्यसैकारण, एमाले-कांग्रेसको बलियो सरकारबाट 'अर्थतन्त्र निको हुने र हात्ती जस्तै लम्किने' गरी बजेट आउनुपर्ने निजी क्षेत्रको सुझाव छ। कार्यान्वयन नहुने र कागजमा मात्र देखिनेभन्दा कार्यान्वयन हुने र प्रतिफल दिने योजनालाई महत्व दिएर वास्तविक बजेट ल्याउनुपर्ने उनीहरूको माग छ।

समाचार पृष्ठ २

सुनिता कार्की/ममता थापा | *काठमाडौं*

- को रिपोर्ट

म्याराडोनाको मृत्यु मुद्दा संकटमा

सान इसिड्रो (एजेन्सी): महान् फुटबल खेलाडी डिएगो म्याराडोनाको मृत्युमा आरोपित सात अर्जेन्टिनी स्वास्थ्यकर्मीको मुद्दा सुरु भएको दुई महिनाभन्दा बढी समयपछि न्यायाधीशको निष्पक्षताबारे प्रश्न उठेपछि मुद्दा संकटमा परेको छ। बचाव पक्षका वकिलहरूले न्यायाधीशको मुद्दासँग सम्बन्धित डकुमेन्ट्रीमा संलग्नताले उनको कर्तव्यको सम्भावित उल्लङ्घन, प्रभाव पार्ने काम र घुसखोरी समेत हुनसक्ने भनेपछि गत हप्ता मुद्दाको सुनुवाइ स्थगित गरिएको थियो।

मुद्दाको अध्यक्षता गर्ने तीन न्यायाधीशमध्ये एक जुलिएटा माकिन्टाचको सम्भावित निष्कासनले कारबाहीलाई रद्द गर्ने जोखिम छ। कोकेन र मदिराको लतसँग दशकौँसम्म संघर्ष गरेपछि रगत जमेका कारण मस्तिष्कको शल्यक्रियाबाट निको हुँदै घरमा रहँदा ६० वर्षको उमेरमा सन् २०२० नोभेम्बर २५ मा म्याराडोनाको मृत्यु भएको थियो।

शल्यक्रिया गरेको दुई सातापछि हृदयाघात र तीव्र फोक्सोको सूजनका कारण उनको मृत्यु भएको थियो र दिउँसो काम गर्ने नर्सले उनलाई ओछ्यानमा मृत फेला पारेका थिए।

म्याराडोनाको चिकित्सक टोलीमाथि ब्युनस आयर्सको उपनगर सान इसिड्रोमा उनको निजी घरमा स्वास्थ्य लाभको अवस्थाको सम्बन्धमा मुद्दा चलिरहेको छ।

अभियोजकहरूले अन्तिम दिनहरूमा फुटबल आइकनको हेरचाहलाई गम्भीर लापरवाहीका रूपमा वर्णन गरेका छन्।

मुद्दाको सुनुवाइ मंगलबार पुन: सुरु हुने तयारी गरिएको छ। सुनुवाइमा कम्तीमा एक वकिलले माकिन्टाचलाई हटाउन माग गर्ने अपेक्षा गरिएको छ। यदि उनलाई मुद्दाबाट हटाइयो भने उनको ठाउँमा अर्को न्यायाधीश राख्न सकिन्छ कि सकिँदैन वा नयाँ न्यायाधीशहरूको प्यानलसहित मुद्दा सुरुदेखि नै सुरु गर्नुपर्छ कि पर्दैन भनेर निर्धारण गर्नुपर्ने छ।

'यो यति ठूलो स्क्यान्डल हो कि सारा विश्वले अर्जेन्टिनाको न्यायलाई सबैभन्दा खराब उदाहरणका रूपमा हेरिरहेको छ', म्याराडोनाका छोरीहरूका वकिल फर्नान्डो बर्लान्डोले गत हप्ता स्थानीय रेडियोलाई भने।

समस्या भनेको मुद्दाको फिल्म खिच्न प्रतिबन्ध भएको भए पनि अदालतमा क्यामेराको कथित प्रयोग हो। माकिन्टाचले कुनै फिल्म खिच्नमा भाग लिएको वा अनुमति दिएको अस्वीकार गर्नुभएको थियो तर सप्ताहन्तमा अर्जेन्टिनी सञ्चारमाध्यमहरूमा साझा गरिएको फुटेजले मुद्दा सुरु हुनु अघिल्लो दिन उनलाई फिल्म टोलीले अन्तर्वार्ता लिएको देखाएको छ।

कोरोना बिमाको ११ अर्ब ३४ करोड, कहिले हुन्छ भुक्तानी ?

ममता थापा | *काठमाडौं*

विश्वव्याधी कोरोना महामारीका बेला सर्वसाधारणले गरेको बिमाको ११ अर्ब ३४ करोड २५ लाख ३५ हजार ६ सय ७० पैसा भुक्तानी पाउन बाँकी छ। त्यस बेला करिब ९५ हजार बढीले कोरोना बिमा दाबी गरेका थिए। बिमा कम्पनीहरूले सरकारले बिमाको पैसा नदिएको भन्दै बिमितलाई भुक्तानी दिएका छैनन्। तर, अर्थ मन्त्रालय भने स्रोत र साधनको अभाव भन्दै बिमा रकम निकासीमा अलमल गरिरहेको छ।

कोरोना बिमापीडित भने वर्षौंदेखि बिमा कम्पनी, नियामक निकायदेखि अर्थ मन्त्रालय धाइरहेका छन्। गुनासो पत्र बुझाउँदा-बुझाउँदा थाकेर अदालतमा मुद्दासमेत दायर गरिसकेका छन्। आगामी आवको बजेटमा पनि बिमा भुक्तानीका लागि स्रोत सुनिश्चित हुन नसकेको अर्थ मन्त्रालय बताउँछ। मन्त्रालयका सूचना अधिकारी अम्बिका प्रसाद खनाल कोरोना बिमा भुक्तानीको विषय प्राथमिकतामा परे पनि स्रोत व्यवस्थापनको आधारमा मात्रै यसबारे निर्णय हुने जानकारी बजेट लेखनमा खटिएका कर्मचारीले दिएको बताउँछन्।

'कोरोना बिमा प्राथमिकतामा परे पनि वर्तमान स्रोतको अवस्थालाई मध्यनजर गर्दै निर्णयमा पुग्नुपर्ने देखिन्छ भनिएको छ,' खनाल भन्छन्, 'स्रोतमाथि चाप परेको छ। कोरोनाको बाँकी भुक्तानीबारे अझै भन्न सकिन्न। बिमा प्राधिकरणबाट र बिमा कम्पनीहरूले अर्थ मन्त्रालयलाई आवश्यक बजेट छुट्याइदिन तारान्तर भनिरहेका छन्। मन्त्रालयमा पनि निवेदनको चाङ छ।'

नेपाल बिमा प्राधिकरणका प्रवक्ता निर्मल अधिकारी कोरोना बिमा दाबी भुक्तानीका लागि प्राधिकरणको समन्वयकारी भूमिका मात्रै हुने बताउँछन्। त्यसैकारण अर्थ मन्त्रालयलाई घचघच्याइरहेको उनी बताउँछन्। 'सरकारलाई बाँकी रकम भुक्तानी गर्न भनेर अनुरोध गर्ने हो, सरकारबाट कुनै निर्णय नआएसम्म प्राधिकरणको केही नलाग्ने उनको भनाइ छ। 'कोरोना बिमाको भुक्तानी गर्नुपर्नेबारे सरकारको जानकारीमा छ ।

विगत वर्षदेखि नै बजेटमार्फत निकासा खोज्न अर्थलाई सुझाव दिइरहेका छौं,'

उनले भने, 'हाम्रो भूमिका समन्वयको मात्रै हो। सरकारलाई बाँकी कोरोना दाबी भुक्तानी दिन अनुरोध मात्रै गर्ने हो। अरू कुरा सरकारकै हातमा रहुन्छ। यसर्थ सरकारकै निर्णय कुरेका छौं।' प्राधिकरणमा सुरुमा आएकै गुनासो धेरै छन् तर पछि भने यसबारे खासै गुनासो नआएको उनले जनाए।

९५ हजार २ सय ९४ जना बिमित अझै भुक्तानी पाउने आसमा

सञ्चालनमा रहेका १४ निर्जीवन बिमा कम्पीहरूबाट कोरोना बिमालेखअन्तर्गत जारी गरिएका बिमितको कुल संख्या १७ लाख ५८ हजार ३ सय ४३ थियो। ती मध्ये कोरोना बिमालेख अनुदानअन्तर्गत जारी बिमितको संख्या ९ लाख ५८ हजार १ सय ९८ थियो। जारी बिमालेख मध्येबाट कोरोना बिमा दाबी संख्या १ लाख ६५ हजार ५९ जना थिए। कोरोना महामारीबाट जोखिम वहनका लागि गरिएको बिमाको भुक्तानी अझै ९५ हजार २ सय ९४ ले पाउनै बाँकी छ। यो कोरोना अनुदानवाहेकको संख्या हो। यद्यपि दाबी परेको मध्ये ६९ हजार ७ सय ६५ जनाले भने विभिन्न चरणमा रकम पाए। उक्त संख्याका बिमितलाई ६ अर्ब ५८ करोड १४ लाख ८८ हजार २ सय ३५ रुपैयाँ बराबरको भुक्तानी भइसकेको छ। बाँकी भुक्तानी हुने आसमा छन्।

तर, विगत ३ वर्षदेखि सरकारले बजेटमा सम्बोधन गरेर निकासा खोज्ला भन्ने बिमितको आस भने बगरबास बनेको छ। किनभने आगामी आर्थिक वर्षको बजेटको अन्तिम तयारीमा जुटेको अर्थ मन्त्रालयले यसपटक पनि कोरोना बिमाको दाबी भुक्तानीलाई स्रोत सुनिश्चिततामा सकस भएको बताएको छ। अघिल्ला वर्षहरूमा पनि अत्यावश्यक क्षेत्रमा बजेट विनियोजन गर्नुपर्ने भन्दै उक्त दायित्वलाई पन्छाइँदै आएको थियो।

गत आवमा पनि कोरोना बिमा दाबी भुक्तानीमा स्रोत जोहो गर्न नसकिएको बताएको थियो। यसअघिका वर्षमा अर्थ मन्त्रालय, वित्तीय क्षेत्र व्यवस्थापनले राज्यको बजेटको अवस्था कमजोर रहेकाले तत्काललाई कोरोना बिमाका भुक्तानीको प्रक्रिया अघि नबढाएको बताइएको थियो। उतिबेला पनि राजस्वको स्थिति ऋणात्मक रहेकाले दाबी भुक्तानी नगर्ने अर्थ मन्त्रालयको निर्णय थियो। बरु यसको दायित्व ढुकुटीको अवस्था सकारात्मक आएको बखतमा मात्रै गर्ने भनिएको थियो।

६ सय ६९ जनाको दोहोरो दाबी अर्थात् 'फ्रड'

कोरोना बिमा गरेको बिमितहरूमध्ये ६ सय ६९ जनाको दोहोरो दाबी गरी अधिक भुक्तानी भएको छ।

» बाँकी पृष्ठ ८

युवा संघमा पुन: थेवे

पोखरा (अन्नपूर्ण) : राष्ट्रिय युवा संघ नेपालको अध्यक्षमा क्षितिज थेवे निर्वाचित भएका छन्। अध्यक्षका प्रत्यासी सुमन पुरीलाई पराजित गर्दै दोस्रो कार्यकालका लागि थेवे निर्वाचित भएका हुन्। पोखरामा भएको १०औं राष्ट्रिय महाधिवेशनअन्तर्गत मंगलबार मतदानको अन्तिम परिणाममा थेवेले ७९६ मत प्राप्त गरेका छन्। पुरीको पक्षमा ६०८ मत परेको निर्वाचन अधिकृतले बताएका छन्। पोखरा सभागृहमा भएको मतदानमा कुल मतदाता १,७६४ मध्ये १,४०४ मत खसेको निर्वाचन अधिकृत ईश्वरी पौडेलले जानकारी दिइन्।

निर्वाचनमा प्रारम्भिक नतिजाअनुसार पदाधिकारीमा पनि थेपे प्यानलकै वर्चस्व रहेको बताइएको छ। नेकपा एमालेका अध्यक्ष तथा प्रधानमन्त्री केपी शर्मा ओलीले महाधिवेशनको उद्घाटन कार्यक्रममा सकेसम्म सर्वसम्मत नेतृत्व चयन गर्न र नभए प्रजातान्त्रिक तरिकोले निर्वाचनमा गएर नयाँ नेतृत्व चयन गर्न सुझाएका थिए।